# काठमाडौं महानगरपालिका
## Kathmandu Metropolitan City
## यँ महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**काठमाडौं, बागमती प्रदेश, नेपाल**
**(प्रशासन विभाग)**

काठमाडौं महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बागदरबार, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

प.सं.:०७९/०८०
च.नं.: १०५०

मिति: २०७९/०८/१८

श्री सबै कर्मचारीहरु,
काठमाडौं महानगरपालिका ।

विषयः हाजिरी जवाफ प्रतियोगितामा भाग लिने वारे ।

२८औं महानगर दिवसका उपलक्ष्यमा काठमाडौं महानगरपालिका कार्यालयद्वारा आयोजित हाजिरी जवाफ प्रतियोगितामा आ-आफ्नो समूह बनाई देहाय बमोजिम सहभागिता जनाउन कार्यालयका इच्छुक कर्मचारीहरुलाई जानकारीका लागि अनुरोध गर्दछु ।

सहभागिताका लागि गर्नुपर्ने कार्यहरु:

१. २०७९ साल मंसिर २१ गते दिउँसो ३:०० बजेभित्र तीन जना कर्मचारीहरुको समूह बनाइ मानव संशाधन विकास महाशाखामा समूह दर्ता गर्ने ।
२. समूहका कर्मचारीहरुको नामथर, पद र सम्पर्क नं. उल्लेख गर्ने।

प्रतियोगिता सञ्चालन सम्बन्धी सामान्य जानकारी

१. प्रतियोगिताका प्रारम्भिक चरणका खेलहरु २०७९ साल मंसिर २३ गते र २५ गते आयोजना गरिनेछन् भने फाइनल खेल २०७९ साल मंसिर २६ गते आयोजना गरिनेछ ।
२. प्रतियोगिता आयोजना गर्ने स्थान र समय पछि जानकारी गराइनेछ ।
३. प्रतियोगिताको सञ्चालन आयोजक समूहले बनाएको निर्देशिका बमोजिम हुनेछ ।
४. प्रतियोगिताको फाइनल चरणमा पुग्ने समूहलाई कार्यालयले यथोचित ढंगले पुरस्कृत गर्नेछ ।
५. प्रतियोगिता सम्बन्धी थप कुरा बुझ्नु पर्ने भएमा मानव संशाधन विकास महाशाखामा संपर्क राख्न सक्नु हुनेछ ।

गंगाधर गौतम
महाशाखा प्रमुख
मानव संशाधन विकास महाशाखा

वोधार्थ:
श्री सबै विभागीय/सचिवालय/आयोजना/एकाई प्रमुखज्युहरुः आफू सम्बन्धित कर्मचारीहरुलाई प्रतियोगितामा सहभागिताका लागि प्रोत्साहित गरी सहयोग पु-याउनु हुन अनुरोध छ ।

बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np